नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रशासन महाशाखा शाखा)

सिंहदरबार, काठमाडौं

नेपाल ।

बेसीशहर न.पा., लमजुङ
दर्ता नं.: ९८२९
दर्ता मिति: २०७५।३।१९

पत्र संख्या :-

च.नं. :- ०७४-७५/६०३२

मिति २०७५।०३।०१

श्री बेसीशहर नगरपालिकाको कार्यालय,
बेसीशहर, लमजुङ।

**बिषय : एक नेपाली एक फलफूलको विरूवा रोपण अभियान सम्बन्धमा ।**

सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूबाट विश्व वातावरण दिवस, जुन ५ को अवसरमा जमिनको सदुपयोग गरी नेपाललाई फलफूलको बगैंचा बनाउने लक्ष्यका साथ **"एक नेपाली एक फलफूलको विरूवा रोप्ने"** अभियानको सिंहदरबार परिसरमा एभोकाडो र लिचीको विरूवा रोपी शुभारम्भ भएको विदितै छ ।

उक्त अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट **एक नेपाली एक फलफूलको विरूवा** अभियान भए तापनि मौसम, भूगोल एवं वातावरण अनुकुलका एक भन्दा बढी विरूवा वर्षैंभरी रोपण गरी आय आर्जन एवं पर्यावरणीय सन्तुलन कायम गर्न सामूहिक प्रयासका साथ अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभएको सन्दर्भमा वर्षैंभरि यो अभियान पूर्ण रूपमा सञ्चालन गरी तहाँ नगरपालिका क्षेत्र भित्र वर्षायाममा रोपिएका फलफूलका विरुवाको प्रजातिगत विवरण २०७५ भाद्र मसान्त भित्र तथा हिउँदमा रोपिएका फलफूलका विरुवाको प्रजातिगत विवरण २०७५ चैत्र मसान्त भित्र तपशिलको ढाँचामा तयार गरी निम्न ठेगानामा (इमेलमा समेत) उपलब्ध गराइदिनु हुन आदेशानुसार अनुरोध छ ।

**तपशिल**

| सि.नं. | फलफूलका विरुवाको नाम र जात | रोपिएका विरुवाको संख्या |
|---|---|---|
| | | |

**विवरण पठाउने ठेगाना:**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
कृषि, वन तथा वातावरण शाखा, सिंहदरवार, काठमाडौं ।
इमेल ठेगाना: purbadhar@nepal.gov.np
binod.kunwar@nepal.gov.np

(विनोद बहादुर कुँवर)
सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

E:\Working 2074-02-28\Letters 073-74\Letter 2074-04-01.docx"